लिखु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

यसम, ओखलढुङ्गा

प्रदेश नं. १, नेपाल

मितिः २०७८/०४/२९

पत्र संख्या : ०७८/७९

सू. नं. ०१

## प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रस्तुत विषयमा प्रदेश नं.१ भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आ.व. २०७८/७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि व्यवसाय प्रवर्द्धन कार्यविधि -२०७६ बमोजिमका शर्तहरु पालना गरी कार्यक्रम कार्यान्वयन गर्नका लागी लिखु गाउँपालीका अन्तर्गतका इच्छुक सहकारी संस्था / व्यवसायिक फर्म / कम्पनी / कृषक समूह/ कृषकहरुले यो सूचना प्रकाशित भएको मितिले २८ दिन भित्र तोकिएको ढाँचामा कृषि ज्ञान केन्द्र , ओखलढुङ्गामा प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ। साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु दर्ता गराईने छैन।

थप जानकारीका लागी भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको फोन नं.०२१ ४७०१४६, खाद्य अनुसंन्धान अधिकृत श्री संजय खड्का(९८५६०००६७०), वा कृषि प्रसार अधिकृत श्री अभिमन्यू अधिकारी(९८५२०३५०४९) सँग सम्पर्क राख्नु हुन वा मन्त्रालयको वेभसाईट www.molmac.p1.gov.np बाट कार्यक्रम कार्यान्वयन निर्देशिका/कार्यविधि डाउनलोड गरी तथा लिखु गाउँपालीकाको कृषि शाखामा सम्पर्क गरि थप जानकारी लिन सक्नु हुने छ।

## कार्यक्रम विवरण

| क्र.सं. | कार्यक्रमको नाम | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु |
|---|---|---|
| १. | चिया / अलैंची ब्राण्डिङ्गका लागि अनुदान | निजी उद्यमी, कृषक समूह, सहकारी संस्था |
| २. | सहकार्यमा कष्टम हायारिङ्ग सेन्टर स्थापना | निजी उद्यमी, कृषक समूह, सहकारी संस्था |
| ३. | कृषि वस्तु उत्पादन तथा प्रशोधन पूर्वाधार निर्माणमा सहयोग (स्टार्ट अप) | निजी उद्यमी, कृषक समूह, सहकारी संस्था |
| ४. | प्राङ्गारिक प्रमाणीकरणका लागि अनुदान | निजी उद्यमी, कृषक समूह, सहकारी संस्था |
| ५. | बालि तथा मत्स्य, पशुवस्तु ढुवानीका लागि उद्यमी तथा सहकारीहरुलाई ढुवानी साधन खरिदमा सहयोग | निजी उद्यमी, कृषक समूह, सहकारी संस्था |

**नोट :** सि.नं. १, ३, ४ र ५ को कार्यक्रमको लागि कृषि व्यवसाय प्रवर्द्धन कार्यविधि- २०७६ को अनुसूची -४ को क्र.सं. ८२ र सि.नं. २ को लागि अनुसूची -४ को क्र.सं. १८ मा उल्लेख भए बमोजिमका कागजातहरु प्रस्ताव साथ संलग्न गरेको हुनु पर्ने छ।

४/२९

दिनानाथ चौधरी

नि. प्रमुख प्रशासकीय अधिकृत